मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५
च.नं : १५०४

मितिः २०७५/०१/३१

विषय :- तत्कालै रमाना लिई हाजिर हुन आउने व्यवस्था गरिदिनु हुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय म्याग्दी,
बेनी

उपर्युक्त सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५८४३ मिति २०७४/१२/२१ को पत्रानुसार स्थानीय तहमा स्विकृत लेखा समूहको दरबन्दी बमोजिम महालेखा नियन्त्रकको कार्यालयको मिति २०७५/०१/२३ को निर्णयानुसार तहाँ कार्यालय अन्तर्गत जिल्ला प्राविधिक कार्यालयमा कार्यरत सह-लेखापाल राजकुमार पौडेललाई यस कार्यालयमा कामकाज गर्न खटाइएको व्यहोरा महालेखा नियन्त्रकको कार्यालयको आधिकारिक वेबसाइट www.fcgo.gov.np मा राखिएको स्थानिय तहमा कामकाज गर्न खटाइएका सह-लेखापालहरुको विवरणको सि.नं. १३८ बाट अवगत भयो । यस गाउँपालिकाको आ.व. २०७४/७५ को स्विकृत वार्षिक बजेट मध्ये हाल सम्म १ तिहाई मात्र बजेट खर्च भएको हाल आर्थिक प्रशासन शाखामा (लेखा शाखा र राजस्व शाखा समेतमा) एक जना मात्र लेखापाल हुँदा बाँकी बजेटको परिचालन, लेखाङ्कन, अभिलेखन र प्रतिवेदन सम्मका सम्पूर्ण कार्य गर्न साह्रै नै मुश्किल हुने निश्चित नै छ । अतः यहाँ कार्यालयमा कामकाज गर्न खटाइनु भएका निज सह-लेखापाललाई तत्कालै रमाना लिई हाजिर हुन आउने व्यवस्था गरीदिनु हुनका लागि जिल्ला समन्वय समितिको कार्यालय म्याग्दी, बेनीमा लेखी पठाउन श्रीमान् गाउँपालिका अध्यक्ष एवं उपाध्यक्षज्यूबाट एकै स्वरसाथ निर्देशन भएकाले निज सरुवा भएका कर्मचारी सह-लेखापाललाई तत्कालै रमाना लिई हाजिर हुन आउने व्यवस्था गरिदिनु हुन निर्देशनानुसार अनुरोध छ । साथै वेवसाइटमा राखिएको विवरण संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ :-**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दी :- महालेखा नियन्त्रकको कार्यालयद्वारा यस कार्यालयमा कामकाज गर्न खटाइएका कर्मचारी निज सह-लेखापाललाई तत्कालै रमाना दिई हाजिर हुन आउने व्यवस्थाका लागि आवश्यक सहयोग र समन्वय गरीदिनु हुन ।
बेनी

**सादर अवगतार्थ :-**

श्री महालेखा नियन्त्रकको कार्यालय :- तहाँको मिति २०७५/०१/२३ को निर्णयानुसार यस कार्यालयमा काम काज गर्न खटाइनु भएका निज सह-लेखापाललाई तत्कालै रमाना दिई हाजिर हुन खटाई पठाईदिन सम्बन्धित कार्यालयहरुलाई आवश्यक निर्देशन गरीदिनु हुन सादर अनुरोध छ ।
अनामनगर, काठमाण्डौ